# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

कृषि मन्त्रालयका सचिव श्री अक्रुरनरसिंह राणा सन् १९८७ को नोभेम्बर ७ देखि २६ तारिखसम्म इटलीको राजधानी रोममा संचालन हुने विश्व खाद्य संगठनको चौबीसौं अधिवेशनमा भागलिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री इन्द्रराज मिश्रलाई मिति २०४४।७।२० देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री विमलराज बस्नेत मनिलामा हुने इरोपाको ३३ औं कार्यकारी परिषद्को बैठक तथा १२ औं साधारण सभामा भागलिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री श्यामकुमार प्रधानलाई मिति २०४४।८।४ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री शंकरकृष्ण मल्ल पूर्वाञ्चल क्षेत्रको विकास आयोजनाहरूको निरीक्षण भ्रमणमा जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका अतिरिक्त सचिव सरहका अधिकृत श्री पृथुनरसिंह राणालाई मिति २०४४।८।२ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४२